गण्डकी प्रदेश सरकार
सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय
व्यावसायिक तथा सीप विकास तालिम केन्द्र
कुश्मा, पर्वत

URL :- vsdtcparbat.gandaki.gov.np
इमेलः- vsdtcp@gmail.com
फोन नं. :-०६७४२१-११५

निःशुल्क रुपमा व्यावसायिक तथा सीप विकास तालिम सञ्चालन हुने सम्बन्धी सूचना !!!

(प्रथम पटक प्रकाशित मितिः २०८३/०८/०४)

व्यावसायिक तथा सीप विकास तालिम केन्द्रबाट चालु आ.व. ०८३/०८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमका व्यावसायिक तथा सीप विकास एवम् स्वःरोजगारमूलक तालिमहरु निःशुल्क रुपमा सञ्चालन गरिने भएको हुँदा देहायको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट प्रथम पटक सूचना प्रकाशित भएको मितिले **१५ दिन (२०८३/०८/१८)** भित्र रीतपूर्वकको आवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

क्र. सं.	तालिमको नाम	तालिम संचालन हुने स्थान	आवश्यक संख्या	तालिमको अवधि	आवेदकको उमेर	आवश्यक योग्यता	फर्म पाइने स्थान
१.	आधारभूत कटाइ सिलाइ	कार्यालय	प्रत्येक तालिममा २० जनाको दरले	३ महिना (७८ कार्यदिन/ ३१० घण्टा)	१८ वर्ष पुरा भई ४० वर्ष ननाघेको	आधारभूत कम्प्यूटर तालिमको लागी एस.एल.सी./एस.इ.इ. उत्तिर्ण अन्य तालिमको लागी न्यूनतम कक्षा ८ उत्तिर्ण	व्यावसायिक तथा सीप विकास तालिम केन्द्र कुश्मा, पर्वत
२.	आधारभूत कम्प्यूटर						धौलागिरी मोर्डन इन्स्टिच्यूट, बागलुङ,
३.	कुक	बागलुङ, बजार					ढोरपाटन नगरपालिका बागलुङ
४.	एडभान्स कटाइ सिलाइ	ढोरपाटन नगरपालिका बागलुङ					
५.	कपाल काट्ने (शैलुन)	बेनी बजार, म्याग्दी					बेनी नगरकार्यपालिकाको कार्यालय, म्याग्दी
६.	बुटिक डिजाइन						
७.	प्लम्बिङ	जलजला गाउँ कार्यपालिकाको कार्यालय					जलजला गाउँ कार्यपालिकाको कार्यालय
८.	आधारभूत कटाइ सिलाइ (४५कार्यदिने)	फलेवास वडा नं.८ को कार्यालय, पर्वत		४५ (कार्यदिन) २२५ (कार्यघण्टा)			फलेवास वडा नं.८ को कार्यालय, पर्वत
९.	मिनिटेलर (ट्याक्टर मर्मत) (१५ कार्यदिन)	कु.न.पा.१२, पर्वत		१५ (कार्यदिन) ७५ (कार्यघण्टा)			कु.न.पा.१२, पर्वत
१०.	दुग्धजन्य पदार्थ उत्पादन तथा प्रशोधन (१५ कार्यदिन)	कुश्मा, बजार					कुश्मा, बजार

आवेदन फाराम साथ संलग्न राख्नुपर्ने कागजपत्रः

- नेपाली नागरिकताको प्रमाणपत्रको छायाँप्रति, शैक्षिक योग्यताको प्रमाणपत्रको छायाँप्रति र पासपोर्ट साइजका फोटा १ वटा निवेदनका (फर्म) साथ पेश गर्नुपर्नेछ ।
- एडभान्स कटाइ सिलाइ तालिमको हकमा ३ महिना आधारभूत कटाइ सिलाइ तालिम सिकेको प्रमाण पत्रको छायाँप्रति संलग्न गर्नुपर्नेछ

नोटः

- आर्थिक सामाजिक रुपले विपन्न, एकल महिला, दलित, द्वन्द पिडित, वैदेशिक रोजगारीबाट फर्किएका, कोभिड प्रभावित र सम्बन्धित पेशा व्यावसायमा संलग्नलाई प्राथमिकता दिइनेछ ।
- तोकिएभन्दा बढि संख्यामा आवेदन परेमा अन्तर्वार्ताबाट प्रशिक्षार्थीको छनौट गरिनेछ । अन्तर्वार्ता हुने मिति र स्थानको लागि पछि सूचना प्रकाशन गरिनेछ ।
- तालिम लिएपश्चात सोही तालिमसँग सम्बन्धित पेशा, व्यवसाय वा उद्धम सञ्चालन गर्नुपर्नेछ ।
- प्रशिक्षार्थीहरुलाई हाजिरी भएको दिनको दैनिक रु. ७५।- खाजा भत्ता स्वरुप उपलब्ध गराइनेछ ।
- प्रस्तावित कार्यक्रम संशोधन भएमा वा एक तालिममा २० जना भन्दा कम संख्यामा आवेदन परेमा तालिम संचालन नगर्न बाधा पर्ने छैन
- आवेदन फाराम यस केन्द्रको वेवसाईट www.vsdtcparbat.gandaki.gov.np को अनलाईन सेवा वाट पनि भर्न सकिनेछ ।

मोती कुमारी पौडेल
केन्द्र प्रमुख